अक्टोबर २०२३

# सीडीसी को ब्रिज एक्सेस कार्यक्रमसम्बन्धी प्रायः सोधिने प्रश्नहरू

स्वास्थ्य बीमा नभएका र अपुग स्वास्थ्य बीमा सेवा हुनेहरुका लागि कोभिड-१९ विरुद्ध खोपको पहुँच

## ब्रिज एक्सेस कार्यक्रम भनेको के हो?



यो कार्यक्रमले स्वास्थ्य बीमा नभएका र कोभिड-१९ विरुद्ध खोपको शुल्कको लागि अपुग सेवा प्रदान गर्ने स्वास्थ्य बीमा भएका वयस्कहरूलाई (१८ वर्ष वा सोभन्दा बढी उमेरका) निःशूल्क कोभिड-१९ विरुद्ध खोप उपलब्ध गराउँछ।

## स्वास्थ्य बीमा नभएका र स्वास्थ्य बीमाको सेवा अपुग हुने बालबालिकाको चाहिँ के हुनेछ?



१९ वर्ष भन्दा कम उमेरका स्वास्थ्य बीमा नभएका र संघीय रूपमा मान्यता प्राप्त जनजानति हरुका सदस्य नभएका बाल जनसंख्यालाई भ्याक्सिन फर चिल्ड्रेन (VFC) कार्यक्रमद्वारा सेवा प्रदान गरिनेछ।

## यस कार्यक्रमका लागि कसरी नाम दर्ता गराउन सकिन्छ?



यो कार्यक्रम मार्फत निःशुल्क कोभिड-१९ विरुद्ध खोप प्राप्त गर्नका लागि योग्य वयस्कहरूको लागि कुनै ***नामाङ्कन प्रक्रिया छैन।*** योग्यता निर्धारण गर्नका निम्ति प्रदायकहरूले बिरामीहरूलाई तिनीहरूसँग स्वास्थ्य बीमा छ कि छैन भनेर सोध्नेछन्।

## म यो कार्यक्रममार्फत नि:शुल्क कोभिड-१९ विरुद्ध खोप कहाँ लगाउन सक्छु?



तपाईंले यस कार्यक्रम मार्फत स्थानीय स्वास्थ्य प्रदायक, स्वास्थ्य केन्द्र ,र औषधि पसलहरुमा कोभिड-१९विरुद्ध खोप लगाउन सक्नुहुन्छ। स्थानहरू पत्ता लगाउन www.vaccines.gov मा जानुहोस्!

## यो कार्यक्रम मार्फत नि:शुल्क कोभिड-१९ विरुद्ध खोप कहिलेसम्म उपलब्ध हुनेछ?



ब्रिज एक्सेस कार्यक्रमले डिसेम्बर ३१, २०२४ सम्म नि:शुल्क कोभिड-१९ विरुद्ध खोप उपलब्ध गराउने छ।

थप जान्न www.CDC.gov/vaccines/programs/bridge मा जानुहोस्।

This publication was made possible by cooperative agreement CDC-RFA-IP21-2106 from the Centers for Disease Control and Prevention (CDC) of the U.S. Department of Health and Human Services (HHS). Its contents are solely the responsibility of the authors and do not necessarily represent the official views of CDC/HHS.